आज मिति २०७९ साल असोज महिनाको १४ गते शुक्रबारको दिन बिहान १०:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को तेस्रो कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री सानुबाबु श्रेष्ठ (का.बा.वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौडयाल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (वरिष्ठ शाखा अधिकृत)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/६/१३ गते नगर प्रमुखज्यूबाट मिति २०७९/६/१४ गते आ.व.०७९/०८० को नगर कार्यपालिकाको तेस्रो बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | शुभकामना आदान प्रदान सम्बन्धमा । | • नेपालीहरुको महान् पर्व वडा दशैं २०७९ को पावन अवसरमा सम्पूर्ण नगरबासीहरुमा सुस्वास्थ्य, दिर्घायु, एवं सफलताको शुभकामना प्रदान गर्ने । |
| २. | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा । | • मिति २०७९/०५/२३ गते बसेको स्थानीय निर्देशक समितिले सिफारिश गरेका ४४ जनालाई आ.व.०७९/०८० का लागि सोही प्राथमिकताक्रम बमोजिम बेरोंजगारको सूचीमा सूचीकरण गर्ने र बेरोजगारहरुको सूची सार्वजनिकिकरण गर्ने ।<br>• आ.व.०७९/०८० का लागि यस नगरपालिकाको रोजगार बैंकमा रहेका आयोजनाहरु आवश्यकता र औचित्यताका आधारमा विनियोजित बजेटको परिधिभित्र रही ज्याला बाहेकको रकमका लागि नगरपालिकाबाट विनियोजित रु.दश लाखबाट खर्च गर्ने गरी कार्यान्वयन गर्ने ।<br>• वेरोजगारहरु रहेको वडामा आयोजना संचालन नभएमा नजिकका वडामा संचालन हुने आयोजनामा काममा लगाउन सक्ने गरी स्वीकृति प्रदान गर्ने ।<br>• वेरोजगार व्यक्तिहरुलाई मूल्यांकनको आधारमा यस नगरपालिकाले कायम गरेको अदक्ष श्रमिकको ज्याला रु.८७०।- को ८०% ले हुन आउने रकम रु.६९६।- दैनिक ज्यालाको रुपमा अधिकतम १०० दिन सम्मको ज्याला प्रदान गर्ने । |
| ३. | स्थानीय पूर्वाधार विभागको Norms अनुमोदन गर्ने सम्बन्धमा । | • आ.ब.०७७/०७८ मा नगरपालिकाबाट स्थानीय पूर्वाधार विभागको Norms स्वीकृत गरी गत आ.ब.का पूँजिगत तर्फका आयोजनाहरु कार्यान्वयन भएकोमा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरिक्षणको क्रममा उल्लेख भएका सबै बेरुजु फछ्यौंटका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने । |

भोला प्रसाद वाग्गाई
प्रमुख प्रशासकीय अधिकृत